**भारत को महावाणिज्य दूतावास**
**बीरगंज, नेपाल**
**प्रेस विज्ञप्ति**

**भारत सरकारको अनुदान सहयोगमा निर्मित इच्छाकामना गाउँपालिका–५, मुग्लिङ, चितवन जिल्ला स्थित श्री त्रिवेणी बराह मा. वि. को तीनतल्ले भवनको उदघाटन समारोह**

वाग्मती प्रदेश सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मिलनबाबु श्रेष्ठ र भारत को महावाणिज्य दूतावास बीरगंजका महावाणिज्य दूत श्री नितेश कुमार ज्यु द्वारा आज श्री त्रिवेणी बारह माविको तीन तले भवनको संयुक्त रुपमा उद्घाटन गरियो । शिक्षा क्षेत्रमा भारत सरकारको अनुदान सहयोगमा विद्यालय निर्माण गरिएको हो । कार्यक्रममा वाणिज्य दूतावासका पदाधिकारी, स्थानीय सरकारका प्रतिनिधि तथा इच्छाकामना गाउँपालिकाका जनताको सहभागिता रहेको थियो ।

२. सामुदायिक विकास परियोजनाको रूपमा शिक्षा क्षेत्रमा भारत-नेपाल विकास सहयोग अन्तर्गत NPR 30.02 मिलियनको लागतमा भारत सरकारको अनुदान सहयोगमा यो परियोजना सञ्चालन गरिएको हो। भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउने "आजादी का अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन भइरहेका ७५ परियोजना मध्ये यो एउटा हो।

३. 'नेपाल–भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको अनुदान २४ कक्षा कोठा, प्रत्येक तल्लामा फर्निचर, विद्युतीय सामग्री र सरसफाइ सुविधा सहित तीन तले विद्यालय भवन निर्माण गर्न प्रयोग गरिएको हो । नयाँ विद्यालय भवनले ग्रामीण क्षेत्रमा शिक्षाको वातावरण सिर्जना गर्नुका साथै चितवन जिल्लाको शिक्षाको विकासमा टेवा पुग्ने छ ।

4. सन् 2003 देखि, भारत सरकार द्वारा नेपालमा 530 वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (HICDPs) संचालन गरिएको छ र जसमध्ये 7 वटै प्रदेशहरूमा स्वास्थ्य, शिक्षा, खानेपानी, पहुँच, सरसफाइ र अन्य सार्वजनिक सुविधाहरूको निर्माणको क्षेत्रमा नेपालको तल्लो तहमा 471 परियोजनाहरू सम्पन्न भ‌ इसकेका छन्। तीमध्ये चितवन जिल्लाका ९ आयोजना सहित वाग्मती प्रदेशमा १०३ HICDPs छन्।

5. यस अवसरमा बोल्दै श्री नितेश कुमारले यो परियोजना भारत र नेपालबीचको बहुआयामिक, बलियो र प्रगतिशील विकास साझेदारीको प्रमाण भएको दोहोर्‍याए। मन्त्री श्रेष्ठले नेपाललाई भारत सरकारको निरन्तर सहयोगको प्रशंसा गरे ।

6. भारत र नेपाल बीच बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुवै देशका जनताको निकटता झल्काउँछ। यस विद्यालय परियोजनाको कार्यान्वयनले शिक्षा जस्ता प्राथमिकताका क्षेत्रमा पूर्वाधार निर्माण गर्न नेपाल सरकारको प्रयासलाई पूरक बनाउन भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ।

**बीरगंज, नेपाल**
**१६.०८.२०२२**